(नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०५/१९ को निर्णयानुसार स्वीकृत)

# राजस्व व्यवस्थापन सूचना प्रणालीमा विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७

नेपाल सरकार तथा प्रदेश सरकारको राजस्व सङ्कलन, लेखाङ्कन तथा प्रतिवेदनलाई व्यवस्थित गर्न, सरकारी नगद प्रवाहलाई सरल, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई वित्तीय जोखिम न्यूनीकरण गर्न विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई राजस्व व्यवस्थापन सूचना प्रणाली (आरएमआईयस) मा आबद्ध गरी सञ्चालनमा ल्याउन वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई महालेखा नियन्त्रक कार्यालयले यो निर्देशिका बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "राजस्व व्यवस्थापन सूचना प्रणाली (रिभेन्यू म्यानेजमेन्ट ईन्फरमेसन सिस्टम - आरएमआईएस) मा विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "भुक्तानी सेवाप्रदायक (पेमेन्ट सर्भिस प्रोभाईडर- पिएसपि)" भन्नाले विद्युतीय माध्यममार्फत भुक्तानी सम्बन्धी कारोबार गर्न नेपाल राष्ट्र बैङ्कबाट स्वीकृत प्राप्त संस्थालाई सम्झनु पर्छ।

(ख) "भुक्तानी सेवा सञ्चालक (पेमेन्ट सर्भिस अपरेटर-पिएसओ)" भन्नाले भुक्तानी सम्बन्धी कार्यको सञ्चालन, नियन्त्रण, क्लियरिङ गर्ने उद्देश्यले स्थापना भएको नेपाल राष्ट्र बैङ्कबाट स्वीकृत प्राप्त संस्थालाई सम्झनु पर्छ।

(ग) "वास्तविक समय भुक्तानी प्रणाली (रियल टाईम ग्रस सेटल्मेन्ट- आरटिजिएस)" भन्नाले नेपाल राष्ट्र बैङ्कले सञ्चालनमा ल्याएको वास्तविक समयमा कारोबार हुने विद्युतीय समायोजन प्रणालीलाई सम्झनु पर्छ।

(घ) "राष्ट्रिय भुक्तानी द्वार (नेशनल पेमेन्ट गेटवे-एनपिजी)" भन्नाले नेपाल राष्ट्र बैङ्कले सञ्चालनमा ल्याउने वा नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा सञ्चालित निःशुल्क विद्युतीय बैङ्किङ्ग कारोबारको समायोजन प्रणालीलाई सम्झनु पर्छ।

(ङ) “अन्तर बैंकिङ्ग भुक्तानी प्रणाली आवद्धता” भन्नाले क्लियरिङ्ग एजेन्सीले सञ्चालनमा ल्याएको र राजस्व व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भएको विद्युतीय भुक्तानी कारोबारको समायोजन प्रणालीलाई सम्झनु पर्छ।

(च) “विद्युतीय कारोबार सङ्केत नम्बर (ईलेक्ट्रोनिक बिल प्रेजेन्टेशन नम्वर - इबिपि)” भन्नाले राजस्व व्यवस्थापन सूचना प्रणाली (रिभेन्यू म्यानेजमेन्ट ईन्फरमेसन सिस्टम - आरएमआईएस) बाट सिर्जित विद्युतीय कारोबार सङ्केत नम्बरलाई सम्झनु पर्छ।

## परिच्छेद -२
## विद्युतीय भुक्तानी माध्यम र प्रक्रिया

३. **विद्युतीय भुक्तानीको माध्यमः** विद्युतीय भुक्तानी सम्बन्धी देहाय बमोजिमका विद्युतीय माध्यमको प्रयोग गरी राजस्व भुक्तानी गर्ने व्यवस्था गर्न सकिनेछः-

(क) मोबाइल बैङ्किङ,

(ख) ईन्टरनेट बैङ्किङ,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भुक्तानी कार्ड (डेविट वा क्रेडिट कार्ड),

(घ) ई-मनी (वालेट्स),

(ङ) अन्तरबैंक भुक्तानी (वास्तविक समय भुक्तानी प्रणाली, राष्ट्रिय भुक्तानी द्वार र अन्तर बैंङ्किङ्ग भुक्तानी आवद्धता) ।

४. **विद्युतीय भुक्तानी सम्बन्धी प्रक्रियाः** (१) राजस्व आर्जन गर्ने कार्यालयको राजश्व व्यवस्थापन सूचना प्रणालीसँग आवद्ध भएको छुट्टै सूचना प्रणाली भए सो वा राजश्व भुक्तानी गर्ने विद्युतीय पोर्टल (rajaswa.fcgo.gov.np) मा राजश्व जम्म गर्ने व्यक्ति वा निकाय वा राजश्व आर्जन गर्ने कार्यालयले अनुसूची -१ बमोजिमको ढाँचामा राजश्व भौचर सिर्जना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिर्जना भएको राजश्व भौचरको जानकारी प्रणाली मार्फत राजश्व व्यवस्थापन सूचना प्रणालीबाट छनौट गरेको विद्युतीय भुक्तानी सेवा प्रदायकलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) राजस्व भौचरको जानकारीमा विद्युतीय भुक्तानी सेवाप्रदायकलाई राजस्व आर्जन गर्ने कार्यालयको नाम, कार्यालय कोड, ईबिपि नम्वर, राजस्व भुक्तानी गर्ने व्यक्ति वा निकायको नाम, रकम, राजस्व जम्मा हुने बैङ्क र खाता नम्बर वा महालेखा नियन्त्रक कार्यालयले तोकेको अन्य कुरा प्राप्त हुने गरी व्यवस्था गर्नु पर्नेछ।

(४) राजस्व जम्मा गर्ने व्यक्ति तथा निकायले जुन प्रणालीबाट राजस्व भुक्तानी गरेको हो सोही प्रणालीबाट अनुसूची-२ बमोजिमको ढाँचामा भौचरको निस्सा प्राप्त गर्न सक्नेछ।

(५) राजस्व भुक्तानी गर्ने विद्युतीय पोर्टलबाट राजस्व भुक्तानीको लागि प्राप्त सूचनाको आधारमा भुक्तानी सेवाप्रदायक वा भुक्तानी सेवा सञ्चालक संस्थाले भुक्तानीको लागि राजस्व सङ्कलन गर्ने बैङ्कमा विद्युतीय माध्यमबाट भुक्तानी सम्बन्धी सूचना पठाउनु पर्नेछ।

तर उपदफा (१), (२), (३) र (४) बोजिमको प्रक्रिया पूरा नगरी सोझै रकम राजस्व खातामा पठाउन पाइने छैन।

(६) विद्युतीय भुक्तानी सेवाप्रदायकले पठाएको भुक्तानी सम्बन्धी सूचनाको आधारमा सम्बन्धित राजस्व सङ्कलन गर्ने बैङ्कले राजस्व व्यवस्थापन सूचना प्रणालीमा राजस्व सङ्कलन भएको अभिलेख गर्नु पर्नेछ।

(७) राजस्व आर्जन गर्ने बैङ्कको सूचनाको आधारमा राजस्व आर्जन गर्ने कार्यालयको राजस्व व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भएको छुटै सूचना प्रणाली भए सोही प्रणालीबाट र सो नभए राजस्व व्यवस्थापन सूचना प्रणालीबाट राजस्व प्राप्त भएको सूचना राजस्व सङ्कलन गर्ने कार्यालयले स्वचालित रुपमा प्रणालीबाट प्राप्त गर्नेछ।

(८) राजस्व सङ्कलन गर्ने कार्यालयले राजस्व जम्मा भएको सूचना प्राप्त गरेपछि प्रणालीबाटै राजस्वको लेखाङ्कन गर्नु पर्नेछ।

(९) भुक्तानी सेवाप्रदायक वा भुक्तानी सेवा सञ्चालक संस्था र राजस्व सङ्कलन गर्ने बैङ्क बीच हुने कारोबारको समायोजन सम्बन्धित बैङ्क र त्यस्तो संस्थाबीच भएको सम्झौता बमोजिम हुनेछ।

तर यसरी सम्झौता भएको बैङ्कले अनुमति पाएको राजस्व आर्जन गर्ने कार्यालयको राजस्व बाहेक अन्य कार्यालयको राजस्व विद्युतीय प्रणालीबाट बुझाउन पाउने छैन।

(१०) भुक्तानी सेवाप्रदायक वा भुक्तानी सेवा सञ्चालक संस्था र राजस्व सङ्कलन गर्ने बैङ्कबीच भएको सम्झौताको प्रतिलिपि महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराउनु पर्नेछ।

(११) विद्युतीय भुक्तानी सम्बन्धी प्रक्रिया सञ्चालन र सूचना प्रवाह अनुसूची-३ बमोजिमको ढाँचामा हुनेछ।

५. **राजस्व व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गर्नुपर्नेः** विद्युतीय माध्यमबाट भुक्तानी कारोबार गर्न चाहने ईच्छुक नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भुक्तानी सेवा प्रदायक र भुक्तानी सेवा सञ्चालक संस्थालाई सम्बन्धित राजश्व संकलन गर्ने बैंक सँगको सम्झौताको आधारमा राजस्व व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गर्नु पर्नेछ ।

## परिच्छेद -३

## विद्युतीय भुक्तानीमा संलग्न निकायको काम, कर्तव्य

६. **विद्युतीय भुक्तानीमा संलग्न निकायको काम, कर्तव्यः** विद्युतीय भुक्तानी सम्बन्धी कारोबारमा संलग्न हुने निकाय तथा सेवाप्रदायक संस्थाको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) **अर्थ मन्त्रालयः**

(अ) विद्युतीय भुक्तानी सम्बन्धी विषयमा आवश्यक नीतिगत व्यवस्था गर्ने,

(आ) विद्युतीय भुक्तानी सम्बन्धी विषयमा महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैङ्क, राजस्व सङ्कलन गर्ने संघीय मन्त्रालय, प्रदेशस्थित आर्थिक मामिला तथा योजना मन्त्रालय लगायतका निकायसँग आवश्यक समन्वय र सहजीकरण गर्ने।

(ख) **नेपाल राष्ट्र बैङ्कः**

(अ) भुक्तानी सेवाप्रदायक र भुक्तानी सेवा सञ्चालक संस्थालाई विद्युतीय माध्यमबाट राजस्व भुक्तानी सम्बन्धी कार्य गर्नको लागि स्वीकृति प्रदान गर्ने,

(आ) विद्युतीय माध्यमबाट राजस्व भुक्तानी गर्दा भुक्तानी सेवा प्रदायक तथा सञ्चालकले लिने शुल्क निर्धारण गर्ने,

(इ) विद्युतीय भुक्तानीको कारोबारमा सरकारी कारोबार गर्ने बैङ्क र भुक्तानी सेवाप्रदायक र भुक्तानी सेवा सञ्चालक संस्था बीच भएको सम्झौता तथा भुक्तानीको अनुगमन र कार्यान्वयनको सुपरिवेक्षण गर्ने,

(ई) राजस्व रकम प्राप्ति तथा भुक्तानी सम्बन्धमा आवश्यक निर्देशन जारी गर्ने,

(उ) नियमानुसार राजस्व बुझी लिई सरकारी कोषमा दाखिला नगर्ने भुक्तानी सेवाप्रदायक र भुक्तानी सेवा सञ्चालक संस्थालाई कानूनी कारबाही गर्ने।

(ग) **प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयः**

विद्युतीय भुक्तानी सम्बन्धी विषयमा नेपाल राष्ट्र बैंक, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा एकाइ कार्यालय, राजस्व सङ्कलन गर्ने प्रदेश मन्त्रालयसँग आवश्यक समन्वय र सहजीकरण गर्ने।

(घ) **महालेखा नियन्त्रक कार्यालयः**

(अ) राजस्व सङ्कलन गर्ने नेपाल सरकार र प्रदेश सरकारका सबै मन्त्रालय, विभाग वा निर्देशनालय, आयोजना तथा कार्यालयमा प्राप्त हुने आम्दानीलाई राजस्व व्यवस्थापन सूचना प्रणालीमा विद्युतीय माध्यमबाट प्राप्त गर्न सक्ने गरी प्रणालीको विकास गरी सञ्चालन गर्ने,

(आ) नेपाल सरकार र प्रदेश सरकारका सबै मन्त्रालय, विभाग वा निर्देशनालय, आयोजना तथा कार्यालयको सूचना प्रणालीलाई आवश्यक पर्ने विवरण राजस्व व्यवस्थापन सूचना प्रणालीमार्फत उपलब्ध गराउने,

(इ) विद्युतीय भुक्तानीमार्फत कारोबार गर्न चाहने ईच्छुक संस्थालाई राजस्व व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गर्ने,

(ई) राजस्व व्यवस्थापन सूचना प्रणालीमा राजस्व भुक्तानी गर्ने व्यक्ति तथा निकाय वा राजस्व प्राप्त गर्ने कार्यालय वा अन्य कुनै पक्षले स्वचालित भुक्तानीको लागि भुक्तानीका विकल्प छान्न सक्ने गरी व्यवस्था गर्ने।

**(ङ) मन्त्रालय, विभाग, निर्देशनालय, आयोजना, कार्यालय तथा अन्य संघ संस्थाः**

(अ) सेवा प्रवाह गर्न वा राजस्व सङ्कलन गर्न आफ्नो कार्यालयले तयार गरेको सूचना प्रणालीलाई नेपाल सरकारको राजस्व व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध गर्ने,

(आ) राजस्वको लेखाको लागि राजस्व व्यवस्थापन सूचना प्रणालीलाई अनिवार्य प्रयोग गर्ने, गराउने,

(इ) राजस्व रकम सम्बन्धित कार्यालयको कार्यालय कोडमा दाखिला भएपछि मात्र सेवा दिने।

**(च) राजस्व सङ्कलन गर्ने वाणिज्य बैङ्कः**

(अ) नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त भुक्तानी सेवाप्रदायक वा भुक्तानी सेवा सञ्चालक संस्थासँग बैंक सुरक्षणको समेत व्यवस्था गरिएको राजस्व सङ्कलन सम्बन्धी सम्झौता सहित महालेखा नियन्त्रक कार्यालयमा अनुरोध गर्ने,

(आ) विद्युतीय भुक्तानीमा भएको कारोबारबाट राजस्व व्यवस्थापन सूचना प्रणालीमा रकम जम्मा नभएसम्म राजस्व भुक्तानी भएको नमानिने हुँदा कारोबारमा अवरोध भई रकम जम्मा हुन नसकेमा सेवाप्रदायक संस्थासँग समन्वय गरी राजस्व खातामा रकम जम्मा गर्ने,

(इ) विद्युतीय भुक्तानी सेवाप्रदायकले पठाएको भुक्तानी सम्बन्धी सूचनाको आधारमा राजस्व व्यवस्थापन सूचना प्रणालीमा प्राप्तिको सूचना पठाउने।

**(छ) विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक वित्तीय संस्थाः**

(अ) राजस्वको कारोबार गर्न स्वीकृत प्राप्त बैङ्कसँग सम्झौता गरी सोको जानकारी महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्कलाई गराउने,

(आ) राजस्व जम्माकर्ता व्यक्ति तथा निकायले आफ्नो संस्थामार्फत गरेको भुक्तानी समयमा राजस्व व्यवस्थापन सूचना प्रणालीमा जम्मा हुन नसकी राजस्व जम्मा गर्ने व्यक्ति तथा निकायलाई सिर्जना हुने दायित्वको समाधानको बारेमा सम्झौतामा उल्लेख गर्ने,

(इ) आफ्नो संस्थामार्फत गरेको भुक्तानीमा बीचमा अवरोध भई सम्बन्धित बैङ्कको राजस्व खातामा रकम जम्मा हुन नसकेमा बैङ्कसँग समन्वय गरी रकम जम्मा हुने व्यवस्था गर्ने।

**(ज) राजस्व जम्मा गर्ने व्यक्ति तथा निकायः**

(अ) राजस्व आर्जन गर्ने निकायको सूचना प्रणालीमार्फत वा राजस्व भुक्तानी गर्ने विद्युतीय पोर्टल (rajaswa.fcgo.gov.np) मार्फत विभिन्न भुक्तानी सेवाप्रदायक वा भुक्तानी सेवा सञ्चालक संस्थामार्फत राजस्व सङ्कलन गर्ने बैङ्कमा सोझै रकम बुझाउने,

(आ) राजस्व आर्जन गर्ने निकायको सूचना प्रणाली वा राजस्व भुक्तानी गर्ने विद्युतीय पोर्टल (rajaswa.fcgo.gov.np) मा विवरण भरिसकेपछि विद्युतीय कारोबार सङ्केत नम्बरसहितको अनुसूची-१ बमोजिमको बैङ्क भौचर प्राप्त गर्ने,

(इ) विद्युतीय भुक्तानीमार्फत रकम भुक्तानी गर्दा आफ्नो खातामा व्यालेन्स घटे तापनि कार्यालयको कोडमा सरकारी कारोबार गर्ने बैङ्क र राजस्व व्यवस्थापन सूचना प्रणाली (आरएमआईयस) मा रकम दाखिला नभई सेवा प्राप्त गर्न नसक्ने हुँदा अनुसूची-२ बमोजिमको भौचर प्राप्त गर्ने,

(ई) विद्युतीय भुक्तानीमा रकम ट्रन्सफर हुन नसके वा ट्रान्सफर भएको रकम सरकारी कारोबार गर्ने बैङ्क र राजस्व व्यवस्थापन सूचना प्रणाली (रिभेन्यू म्यानेजमेन्ट ईन्फरमेसन सिस्टम - आरएमआईएस) मा जम्मा हुन नसकेमा सम्बन्धित सेवाप्रदायक संस्था वा बैङ्कसँग समन्वय गर्ने।

**(झ) कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा एकाइ कार्यालयः**

(अ) जिल्लास्थित कार्यालयहरुमा जम्मा भएको राजस्वको विवरण बैङ्कबाट प्राप्त गर्दा विद्युतीय भुक्तानी लगायतका सवै विवरण (बैङ्क स्टेटमेन्ट) सरकारी कारोबार गर्ने बैङ्कबाट प्राप्त गर्ने,

(आ) भुक्तानी सेवाप्रदायक वा भुक्तानी सेवा सञ्चालक संस्था तथा सरकारी कारोबार गर्ने बैङ्कका खाता तथा कोड नम्बर राजस्व व्यवस्थापन सूचना प्रणाली  तथा एकल कोष खाता (टिएसए) प्रणालीमा अद्यावधिक गर्नुपर्ने भए महालेखा नियन्त्रक कार्यालयको निर्देशन बमोजिम अद्यावधिक गर्ने,

(इ) भुक्तानी सेवाप्रदायक वा भुक्तानी सेवा सञ्चालक संस्था तथा सरकारी कारोबार गर्ने बैङ्कलाई आवश्यक सहयोग र समन्वय गर्ने।

७. **व्याख्या तथा अनुसूचीमा संशोधनः** (१) यस निर्देशिकामा उल्लेख गरिएको व्यवस्थामा कुनै द्विविधा भएमा महालेखा नियन्त्रक कार्यालयले व्याख्या गरी व्याख्या गरी स्पष्ट गर्न सक्नेछ ।

(२) यस निर्देशिकाको अनुसूचीमा कुनै संशोधन वा थपघट गर्नु पर्ने भएमा अर्थ मन्त्रालयको स्वीकृति लिई महालेखा नियन्त्रक कार्यालयले संशोधन वा थपघट गर्न सक्नेछ।

## अनुसूची - १

## (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## रकम भुक्तानी गर्न बाँकी बिल (भौचर) को ढाँचा

### राजस्व व्यवस्थापन सुचना प्रणाली बाट सिर्जित भौचर

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

रकम भुक्तानी गर्न वाँकी भौचर

**भौचर विवरण**

आर्थिक वर्ष: मिति:
कारोबार सङ्केत:
कार्यालय:
भुक्तानी कर्ता संकेत:
पान नं:
नाम:
ठेगाना/ फोन :

| नोटको विवरण | गणना | रकम |
|---|---|---|
| १००० | | = |
| ५०० | | = |
| १०० | | = |
| ५० | | = |
| २० | | = |
| १० | | = |
| ५ | | = |
| २ | | = |
| सिक्का | | = |
| जम्मा | | = |

| सि.नं. | भौचर नं | शिर्षक विवरण | वापत | रकम | आय वर्ष | श्रोतमा करकट्टी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

राजस्व बुझाउने बैंक :
भुक्तानी प्रकार:
चेक बैंक: ........................
चेक नं: ........................
चेक प्रकार:

---

### राजस्व व्यवस्थापन सुचना प्रणाली बाट सिर्जित भौचर

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

रकम भुक्तानी गर्न वाँकी भौचर

**भौचर विवरण**

आर्थिक वर्ष: मिति:
कारोबार सङ्केत:
कार्यालय:

**राजस्व जम्मा गर्नेको विवरण**

भुक्तानी कर्ता संकेत:
पान नं:
नाम:
ठेगाना:
फोन :

| सि.नं. | भौचर नं | शिर्षक विवरण | वापत | रकम | आय वर्ष | श्रोतमा करकट्टी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | जम्मा | | | |

राजस्व बुझाउने बैंक :
भुक्तानी प्रकार:
चेक बैंक: ........................
चेक नं: ........................
चेक प्रकार:

1/1

# अनुसूची - २

## (दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

## रकम भुक्तानी भइसकेको बिल (भौचर) को ढाँचा

### राजस्व व्यवस्थापन सुचना प्रणाली बाट सिर्जित भौचर

**भौचर विवरण**

आर्थिक वर्ष:
कारोबार सङ्केत:
भौचर मिति:
कार्यालय:

**राजस्व जम्मा गर्नेको विवरण**

भुक्तानी कर्ता संकेत:
पान नं:
नाम:
ठेगाना:
फोन :

| सि.नं. | भौचर नं | शिर्षक विवरण | वापत | रकम | आय वर्ष | श्रोतमा करकट्टी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | जम्मा | | | |


रकम भुक्तानी भएको
मिति:
बैंक:
रकम:

1/1

## अनुसूची-३

## (दफा ४ को उपदफा (११) सँग सम्बन्धित)

## विद्युतीय भुक्तानी सम्बन्धी प्रक्रिया र सूचना प्रवाहको ढाँचा




* EBP(Electronic Bill Presentation)

**RMIS सूचना प्रवाह चित्र**